नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# भूमिसुधार तथा व्यवस्थापन विभाग
(जग्गा प्रशासन शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९१
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

पत्रसख्या:- ०७१/०७२/ 660
चलानी नं.:- 2869

ववरमहल,काठमाण्डौं
मितिः-२०७१/१२/१५

विषयः गोरखापत्रमा प्रकाशित सूचना पठाइएको ।

श्री मालपोत कार्यालय,
सवै ।

उपरोक्त सम्वन्धमा सरकारी जग्गाको भोगाधिकार सम्वन्धी कार्यनीति, २०६२ खारेज भई सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ लागु भई यस विभागको प.सं.०७१/७२/४४८ च.नं.१५५१ मिति २०७१/१०/१४ को पत्रसाथ उक्त कार्यनीति प्राप्त भएकै होला । उक्त कार्यनीतिको दफा २१(२) वमोजिम भोगाधिकारमा दिएको जग्गा लिजमा परिणत गर्न कार्यालयले छ महिनाको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने प्रावधान वमोजिम सवै मालपोत कार्यालयहरुको तर्फवाट यस विभागले मिति २०७१/१२/१५ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरेको सूचनाको प्रतिलिपी थान १(एक) यसैसाथ संलग्न गरी पठाइएको छ । सोही सूचनालाई आधार मानी मिति २०७१ चैत्र १५ गते देखि नै समयावधि गणना हुने गरी उक्त कार्यनीति वमोजिम गर्नु गराउनु हुनका साथै उक्त सूचना तहाँको सूचनापाटीमा टाँस गर्नुहुन आदेशानुसार अनुरोध छ ।

(हस्ताक्षर) ०७१/१२/१५
शाखा अधिकृत

**बोधार्थ:-**
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
जग्गा प्रशासन शाखा,
सिंहदरवार, काठमाण्डौं ।
श्री भूमिसुधार तथा व्यवस्थापन विभाग,
भू-सुचना शाखा, बबरमहल:- *संलग्न सूचना बेबसाइडमा राख्ने व्यवस्था हुन ।*


"निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारी र नैतिकता"

# भूमिसुधार तथा व्यवस्थापन विभागले सवै मालपोत कार्यालयका तर्फवाट जारी गरेको,"भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने" सम्वन्धी अत्यन्त जरुरी सूचना।

सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०६२ खारेज भई सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ लागू भई सकेको छ। भोगाधिकारमा पाउने व्यक्ति, संस्था वा निकायले भोगाधिकार प्राप्त गरेको जग्गा लिजमा परिणत गर्नु पर्ने कानूनी व्यवस्था उक्त कार्यनीतिको दफा २१ मा रहेको छ। यसरी लिजमा परिणत गर्न लिजमा लिनु पर्ने प्रयोजन र लिज अवधि खुलाई भोगाधिकारको सक्कलै प्रमाण, प्रतिवर्ष नविकरण गरी दस्तुर बुझाएको रसिद तथा सम्बन्धित गा.वि.स./न.पा. बाट भोगाधिकारको जग्गा उद्देश्य अनुरुप प्रयोग गरेको सिफारिस समेत राखी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु होला। तोकिएको म्याद भित्र लिजमा परिणत गर्न निवेदन नदिएमा सो म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वत: समाप्त हुनेछ। यस सम्बन्धी थप जानकारीको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ हेर्नु हुन वा सम्बन्धित मालपोत कार्यालयमा सम्पर्क गर्न हुन वा **www.dolrm.gov.np** वा **www.molrm.gov.np** मा हेर्नु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत अनुरोध गरिएको छ।

भूमिसुधार तथा व्यवस्थापन विभाग
बबरमहल

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्थापन
भूमिसुधार तथा व्यवस्था
बबरमहल, काठमाडौं

२०७१/१२/१२